म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३२१ बुधबार, १८ असार २०८२ ने. सं. ११४५ दिल्लाथ्व 2 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कैलाशबाट १ हजार ७४ किलो गाँजासहित ४ जना पक्राउ

हेटौंडा, १७ असार/एक हजार ७४ किलो गाँजासहित प्रहरीले चारजनालाई पक्राउ गरेको छ । कैलाश गाउँपालिका-५ कटहरेबाट अवैध लागूऔषध गाँजा १०७४ किलोसहित ४ जनालाई सोमबार प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा सोही ठाउँ बस्ने ७३ वर्षीय हरिबहादुर वाइबा, ४८ वर्षीय बुद्धिबहादुर पाखिन, ३४ वर्षीय अरुण गोले र १९ वर्षीय राजेन्द्र लामा रहेका छन् । लागुऔषध नियन्त्रण ब्यूरो कोटेश्वर र इलाका प्रहरी कार्यालय पालुङबाट खटिएको प्रहरीले हरिबहादुर, बुद्धिबहादुर, अरुण, राजेन्द्र, सोही ठाउँ बस्ने गोकर्ण पौडेल, मानबहादुर मोक्तान र सोमलाल गोलेको घर तलासी गर्दा ५४ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी उनीहरुलाई पक्राउ गरेको हो ।

### उपमहानगरको पूर्वाधार विकास खर्चको अवस्था एकदम न्यून

# जेठ मसान्तसम्म ३६ प्रतिशत मात्रै बजेट खर्च

साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ हेटौंडा उपमहानगरपालिकाको पूर्वाधार विकासमा खर्चको अवस्थामा एकदम न्यून रहेको पाइएको छ ।

चालु आर्थिक वर्षको जेठ मसान्तसम्म हेटौंडा उपमहानगर पालिकाले पूर्वाधार विकासमा ३५ दशमलव ५९ प्रतिशत मात्रै बजेट खर्च गरेको हो । पूर्वाधार विकास कार्यक्रमअन्तर्गत विनियोजित ७७ करोड ४१ लाख ६२ हजार बजेटमध्ये २७ करोड ५५ लाख ३४ हजार खर्च गर्न सकेको हो । उपमहानगरकाअनुसार नगरस्तरीय ३५ र वडास्तरीय ९ सय ४१ गरी ९ सय ७६ वटा योजना सञ्चालन गरेकोमा ३ सय ७७ वटा योजना सम्पन्न भएका छन् भने ५९९ योजना कार्यान्वयनको चरणमा रहेका छन् ।

सम्पन्न योजनाबाट २५ किलोमिटर क्रंकिट सडक निर्माण भएको छ भने ४ सय ७० मिटर सडक कालोपत्रे, सडक ग्रेभल ५ दशमलव ५ कि.मि. खानेपानी पूर्वाधार ७ वटा, विद्यालय पूर्वाधार १३ वटा, पर्यटन पूर्वाधार १५ वटा, खेलकुद पूर्वाधार १७ वटा, गुम्बा पूर्वाधार सुधार १३ वटा, मन्दिर पूर्वाधार निर्माण २९ वटा र स्वास्थ्य पूर्वाधारतर्फ ७ वटा र शौचालय ११ वटा सम्पन्न भएका छन् ।

यसैगरी बस्ती संरक्षण एवम् तटबन्धतर्फ ३२ वटा, सिँचाइ योजना ७ वटा, सामुदायिक भवन पूर्वाधार एवम् मर्मत सम्भारतर्फ ४३ वटा सम्पन्न भएको उल्लेख छ । उपमहानगरको वडा कार्यालयको प्रशासनिक भवन निर्माण गर्दै जाने नीतिअनुरुप चालु आर्थिक वर्षमा वडा नं. ५, ६ र १६, नं. वडा कार्यालय भवन निर्माण चालु अवस्थामा रहेको जनाएको छ । यसैगरी अधुरो स्वास्थ्य संस्थाको भवन निर्माणलाई सम्पन्न गर्दै जाने नीतिअनुरुप वडा नं. १. ४ र ५ को सहरी स्वास्थ्य केन्द्र भवन निर्माण सम्पन्न भई आफ्नै भवनबाट सेवासुचारु गरिएको उल्लेख छ ।




जिल्ला समन्वय समिति मकवानपुरको लागत साझेदारीमा वडा नं. ९ को लामसुरे सहरी स्वास्थ्य केन्द्र निर्माण अन्तिम चरणमा रहेको जनाइएको छ । संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान कार्यक्रमतर्फ वडा नं.४ को श्रमिक मावि भवन निर्माणकार्य चालु अवस्थामा रहेको र सशर्त अनुदानतर्फ वडा नं. ३ को राईटोल सडक स्तरीकरण र वडा नं. ७ को ज्येष्ठनागरिक पार्क निर्माण सम्पन्न भएको उल्लेख गरिएको छ । वडा नं.१५ को साइदो पालरी गुम्बा निर्माण चालु अवस्थामा रहेको जनाएको छ ।

समपूरक कार्यक्रमअन्तर्गत वडा नं १३ को पदमपोखरी मुख्य सडकको स्तरीकरण गर्ने कार्य चालु अवस्थामा रहेको छ । बागमती प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रमवाट वडा नं. २, ४ र राजकुलो सरसफाइ कार्य र बडा नं. १९ मा उप्रेतीडाँडा सडक स्तरोन्नति सम्पन्न भएको जनाएको छ । वडा नं. १० मा कोसेलीघर, वडा नं. ६ मा रामकाजी पँधेरो भूमिगत सिँचाई निर्माणकार्य अन्तिम चरणमा रहेको उपमहानगरले जनाएको छ । 'एक वडा एक खेलकुदद्र पूर्वाधार निर्माण गर्दै जाने नीतिअनुरुप हेटौडा उपमहानगर-६ मा फुटसल र वडा नं. १४ मा ब्याडमिन्टन कोर्ट निर्माणाधीन अवस्थामा रहेको छ ।

त्यसैगरी बागमती प्रदेश सरकारको समपूरक अनुदान कार्यक्रमबाट कुखरेनी खोलादेखि औद्योगिक क्षेत्र हुँदै उत्तरपानी जाने सडक निर्माणकार्य सम्पन्न भएको जनाएको छ । नगरपालिकाको स्रोतबाट वडा नं. १० को ज्ञानदा माविको भवन निर्माण चालु अवस्थामा रहेको उल्लेख गरिएको छ । हेटौंडा-११ सिमलटारमा खानेपानी तथा सर सफाइ डिभिजन नं. १ र हेटौडा खानेपानी व्यवस्थापन बोर्डबीच त्रिपक्षीय सम्झौता भई बृहत् खानेपानी योजना निर्माणाधीन अवस्थामा रहेको उपमहानगरले जनाएको छ ।

नगर विकास कोषसँगको साझेदारीमा सञ्चालित वडा नं. १० को एकीकृत बस टर्मिनल भवन आयोजना निर्माण अन्तिमचरणमा रहेको जनाएको छ । सडक बोर्ड नेपालको साझेदारीमा वडा नं. ४ को बुद्धपथ सडक कालोपत्रे सम्पन्न भएको छ । उपमहानगर र बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको लागत साझेदारीमा प्रादेशिक तरकारी तथा फलफूल थोकबजार निर्माण सम्पन्न भई हस्तान्तरणको प्रक्रियामा रहेको उपमहानगरले उल्लेख गरेको छ ।

उपमहानगरको सहयोगमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडा अस्पतालमा बाल तथा प्रसूति कक्ष निर्माणाधीन अवस्थामा रहेको जनाएको छ । उपमहानगरले आगामी आर्थिक वर्षको लागि २ अर्ब ९० करोड ३ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ ।

# रातोमाटेमा ट्रक दुर्घटना हुँदा चालकको मृत्यु



साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेस्थित पूर्वपश्चिम राजमार्ग खण्डमा लहरी ट्रक दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा ट्रकका चालक भारत गाजीपुर जिल्ला पुरैनियाका अन्दाजी ४५ वर्षीय महेन्द्र यादव रहेको प्रहरीले जनाएको छ । ट्रकभित्र च्यापिएका चालक यादवलाई २ वटा क्रेनको सहयोगमा उद्दार गरी अचेत अवस्थामा हेटौंडा अस्पताल ल्याइएको थियो । तर, उपचारका क्रममा चिकित्सकले उनलाई मृतघोषित गरेको मकवानपुर प्रहरीले जानकारी दिएको छ । मृतकको शव हेटौंडा अस्पतालको शवगृहमा राखिएको छ ।

भारतको बनारसबाट रिद्धिसिद्धि सिमेन्ट उद्योगका लागि कोइला बोकेर आउँदै गरेको यूपी-६१ एटी ०९६२ नम्बरको ट्रक ब्रेकफेल भएर बाटोको दाहिने किनारमा पल्टिएको प्रहरीले जनाएको छ । दुर्घटनामा सहचालक भारत गाजीपुरका २५ वर्षका मनोज यादव घाइते भएका छन् । उनको अवस्था सामान्य रहेको बताइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।






साझाकुरा

## हाम्रो कुरा

# राजमार्गमा भाँचिएको पुल

वर्ल्ड बैंक र एसियाली विकास बैंकले ३७ वटा देशलाई राजमार्गको नेटवर्कमा जोड्नका लागि तयार गरेको एसियन हाइवेमा पुल भाँचिएको लामो समय भयो । नेपालको पूर्वपश्चिम राजमार्ग वा एसियन हाइवे जे भनेपनि यतिबेला अबरुद्ध भएको छ । `महेन्द्रराजमार्ग अन्तर्गत पूर्वी नवलपरासीको सबैभन्दा लामो दुम्किबासको विनयी खोलामा पक्की पुल ढलान ढिलो भएको प्रति यातायात व्यवासायीले ध्यानाकर्षण जनाएका छन् । पुल भाँचिएपछि हिउँदमा खोलाबाट सवारी चलाइएको भएपनि वर्षा लागेसँगै समस्या बढेको छ । यही राजमार्ग अवरुद्ध भएको कारण अहिले भैरहवा नाकाबाट भित्रने सामग्री ढुवानीमा समस्या भएको छ । यातायात व्यवसायीको मालवाहक गाडीहरु, यात्रुवाहक बस ग्यारेजमा थन्किएपछि रोजगारीमै समस्या भएको छ । सर्वसाधारणको समस्याप्रति गम्भिर हुन सम्बद्ध निकायलाई नारायणी यातायात व्यवसायी कम्पनी प्रालिले अनुरोध गरेको छ । ऋणमा लिइएका सवारीसाधन राजमार्गको कारण ग्यारेजमा थन्किएपछि व्यवसायी झनै ऋणमा डुब्दै जान्छन् ।

पहुँच हुनेहरु माथिमाथि उड्छन्, सर्वसाधारणको जीवनको कष्टकर अवस्था कसले बुझ्ने ? राजमार्ग बन्दको कारण यातायात मजदुर आफ्नो दैनिकी गुजार्नै समस्या हुने अवस्थामा पुगेको गुनासो आउन थालेको छ । अनावश्यक ठाउँमा भ्यूटावर खडा गर्न बजेट हुने तर, सर्वसाधारणको लाइफलाइन मानिएको राष्ट्रिय राजमार्गमा पुल भाँचिएर आवागमन बन्द हुँदा पनि सरकारलाई चासो छैन । पूर्वपश्चिम राजमार्गअन्तर्गत् पूर्वी नवलपरासीको दुम्कीबासमा पुल भाँचिएको ६ महिना पुग्न लाग्दा पनि सरकारले विकल्प नदिँदा गाडीचालक र यात्रुले सास्ती खेप्नुपरेको छ । गएको पुस २६ गते विनयी खोलाको पुल भाँचिएको थियो । पुल भाँएिपछि बनाएको डाइभर्सन दर्जन पटक बगिसकेको छ । डाइभर्सन बगेपछि आवातजावात ठप्प हुने र गाडीको लामो लाइन लाग्ने गरेको छ । यसैमा सास्ति भोग्दै आएका सर्वसाधारणले पछिल्लो साताबाट राजमार्ग नै बन्द भएपछि थप मार खेप्नुपरेको हो । यो राजमार्गमा दैनिक झन्डै १८ हजार गाडी चल्ने गरेको छ । राष्ट्रको महत्वपूर्ण राजमार्ग नै बन्द छ, यातायात मजदुरले काम गर्नै पाएको छैन । सर्वसाधारणले गन्तब्यमा पुग्न पाएको छैन । यो भन्दा बिडम्बना अर्को के हुन्छ होला ? विनय खोलामा ५२ वर्षअघि निर्माण भएको फलामे पुल ६ महिनाअघि भाँच्चिएका कारण त्यहाँ डाइभर्सन सडकबाट आउजाउ भइरहेको थियो । गतसाता यात्रु बोकेको बस डाइभर्सनबाट बगाएपछि अहिले यो राजमार्गबाट साना सवारीमात्रै सुचारु छन् । मालवाहक ट्रक र यात्रुबाहक बस पूर्णरुपमा बन्द रहेको पूर्वी नवलपरासीका प्रहरीले बताएको छ ।

विनयी खोलामा निर्माण भएको नयाँ पक्की पुल आउँदो शनिबारबाट सञ्चालनमा ल्याउने उद्देश्यका साथ आफूहरुले काम गरिरहेको सडक विभागअन्तरगत बुटवल नारायणगढ सडक आयोजनाले बताएको छ । बाटोको ढलान सकिएको छ, अब पुलको मात्रै भाग बाँकी रहेको बताइएको छ । आगामी २१ असारबाट पुल सञ्चालनमा ल्याउने जमर्को भएको बताइए पनि सानोतिनो भलबाढी मै अवरुद्ध हुने समस्या छ । गत २६ पुसमा मालबाहक ट्रक ठोक्कीदा पुल भाँचिएको थियो । त्यसपछि अस्थायी डाइभर्सनमार्फत् यातायात सञ्चालन हुँदै आएकोमा पछिल्लो साता पूर्णरुपमा राजमार्ग ठप्प छ । नेपालको राष्ट्रिय राजमार्गको हालत यस्तो छ भने सामान्य सडकको अवस्था के होला ? गतवर्ष असोजको बाढीले सिन्धुली–बर्दिबास–धुलीखेल सडकमा पगेको क्षति आपुरण गर्न सरकारलाई अझै तीनवर्ष भन्दा बढी समय लाग्ने सम्भावना देखिएको छ । जापान सरकारले १० वर्ष भनदा बढी समय लगाएर वातावरणीय दृष्ट्रिले भरपर्दो सडक निर्माण गरी नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार १९ गते बिहीबार ३ जुलाई २०२५ । अष्टमी, असाढ शुक्लपक्ष । दिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:१४, सूर्यास्त ७:०२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अनावश्यक झंझट बृद्धि | **तुला** | : मित्रबर्गबाट धोका |
| **वृष** | : आरोप प्रत्यारोपको सामना | **वृश्चिक** | : सम्पत्ति सम्बन्धी विवाद |
| **मिथुन** | : ऋण नाश | **धनु** | : न्यायिक कार्यमा सफलता |
| **कर्कट** | : खर्च वृद्धि | **मकर** | : कार्यगत उतारचढाव |
| **सिंह** | : आफन्तबाट चिन्ता | **कुम्भ** | : आर्थिक सिद्धि |
| **कन्या** | : इष्ट सिद्धि | **मीन** | : कार्य सिद्धिमा विलम्ब |

# राज्य पुनः संरचनामा असन्तुलन : विभेदमा कर्णाली र पहाड



✍ नरेन्द्रनाथ योगी

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भएको १७ वर्ष र संविधान जारी भएको पनि नौ वर्ष भएको छ । यो संविधानको मातहतमा मुलुक शासित छ । अहिले संविधान र पद्धतिउपर पुनः बहस अर्थात् पुनः विचारको आवाज उठिरहेको पाइन्छ । त्यति मात्र होइन संस्थापन पक्ष वा सरकार सञ्चालक र प्रतिपक्षबिच संविधान संशोधनमा मत-विमत भइरहेको पाइन्छ ।

संविधान अन्तर्गतको व्यवस्थाले आम नागरिकको रक्षा, सुरक्षा र हक-अधिकारको प्रत्याभूति (ग्यारेन्टी) के, कति र कुन प्रकारले कसरी गऱ्यो भन्नेमा समीक्षा गर्न आवश्यक छ । निर्भीक भएर यसबारे समीक्षा गर्न पाउने नागरिकको अधिकार र स्वतन्त्रता पनि हो । संविधानको विश्लेषणात्मक समीक्षा गरी त्यसमा सुधार वा संशोधन गर्न नागरिकको पनि भूमिका हुनुपर्छ । यस विषयमा समयमै जुट्न आवश्यक छ । कुनै पनि मुलुकमा व्यवस्था र त्यस अन्तर्गत बन्ने संविधान र कानुन देश जनता र समाज अनुकूल हुनैपर्छ । प्रतिकूल हुन थाले, त्यसलाई स्वीकार गर्ने वा नगर्ने भन्ने विषयमा फरक मत राख्न पाउने मुख्य उपभोक्ता भनेकै सम्बन्धित मुलुकका नागरिक हुन् । यस्तै प्रक्रियाद्वारा जनताले विना बाधा-अवरोध स्वतन्त्रपूर्वक समीक्षा, आलोचना, टीका-टिप्पणी र पक्ष-विपक्षमा बहस गर्न पाउनु नै लोकतन्त्रको सुन्दर पक्ष हुन्छ । त्यसैले अमेरिकी पूर्वराष्ट्रपति अब्राहम लिङ्कनले भनेका थिए– जनताद्वारा जनताकै लागि जनताले नै शासन गर्न पाउने पद्धति लोकतन्त्र हो ।

मुलुकमा संघीय लोकतन्त्रात्मक गणतन्त्र प्राप्त गर्नका लागि नेपाली जनताले त्याग र बलिदान गरेका छन् । हिजो राज्य सर कारले नागरिकलाई हक-अधिकार नदिएको, सेवा-सुविधा समान ढंगले वितरण नगरेको र सामाजिक न्यायलाई ख्याल नगरेकै कारण देशमा लोकतान्त्रिक गणतन्त्र ल्याउनुपरेको हो । आज किन अन्य प्रदेशको तुलनामा बागमती र मधेश प्रदेशमा बजेट बढी विनियोजित गरिन्छ ? २०८१/८२ मा विनियोजित बजेट हेर्दा सिंगो कर्णाली प्रदेशका झन्डै ७.५ अर्ब र मधेश प्रदेश अन्तर्गतको सिराहा जिल्लामा ८.५ अर्ब छ । यसरी भौतिक पूर्वाधार विकास मन्त्रालयको नामबाट वितरीत बजेटमा यस्तो अन्तर देखापरेको छ । त्यस्तै आव २०८२/८३ को बजेटमा कर्णालीमा २१ वटा आयोजना रहेका छन्, जसमा पाँचवटा आयोजनाको मात्र लागत बजेट खुलाइएको छ, अरु १६ आयोजनाका बजेट र कम खुलाएको छैन । बजेट खुलाएका आयोजना क्रमशः भेरी पम्पिङ खानेपानी आयोजना दुई वर्षमा सक्न १ अर्ब ३२ करोड, सुर्खेत वीरेन्द्रनगरमा दसैं राष्ट्रिय खेलकुद प्रतियोगिता गर्न ५४ करोड, कर्णाली करिडोरको हिल्सा सिमिकोट रखुलालु पिलुचौर तुम्च सडक स्तरोन्तिका लागि १ अर्ब २७ करोड, भेरी बबई डाइर्भसन आयोजनाको हेडवर्क्स र पावरहाउस निर्माण दुई वर्षमा सक्न २ अर्ब ७ करोड, सुर्खेतमा निर्माणाधीन मेडिकल कलेज पूर्वाधाार निर्माणका लागि १४ करोड गरी पाँचवटा आयोजनाको बजेट न्यून रूपमा खुलाएको पाइयो । अरु आयोजनाको लागत बजेट मौन छ । अरुमा कति फरक पऱ्यो होला, त्यो सहजै अनुमान गर्न सकिने कुरा भयो । यो त भयो वार्षिक विकास बजेट वितरणमा गरिएको विभेदका नमुना ।

### राजनीतिक प्रतिनिधित्व र भौगोलिक विभेद

बागमती प्रदेशबाट संघमा प्रत्यक्षतर्फ ३३ सांसद्, प्रदेश सभामा ६६ र ३,४१,४९२ मतदाता रहेका छन् । मधेश प्रदेशबाट संघमा ३२ सांसद्, प्रदेशसभामा ६४ र ३३,८६,६२८ मतदाता रहेका छन् । त्यस्तै कोशी प्रदेशमा संघमा २८ सांसद्, प्रदेशमा ५६ र ३,३९६,८६५ मतदाता रहेका छन् । लुम्बिनी प्रदेशमा संघमा २६ सांसद्, प्रदेशसभामा ५२ र १८,१७,५४१ मतदाता रहेका छन् । यस्तै कर्णाली प्रदेशमा संघमा १२, प्रदेशमा २४ र १०,०८,४०३ मतदाता रहेका छन् ।

बागमती प्रदेशको जनसंख्या ६०,८०,४४२ (२०.०४ प्रतिशत), मधेश प्रदेशको जनसंख्या ६१,२६,२८८ (२०.९९ प्रतिशत), लुम्बिनी प्रदेशका जनसंख्या ५१,२४,२२५ (१७.५५ प्रतिशत) र कर्णाली प्रदेशको जनसंख्या १६,९४,८८९ (५.८१ प्रतिशत) र सुप प्रदेशको जनसंख्या २,११,२७० (९.२९ प्रतिशत) रहेको २०७८ को राष्ट्रिय जनगणनाका तथ्याङ्कले देखाउँछ । भौगोलिक दृष्टिकोणमा जनसंख्या तराईमा १,५६,६५,८२८ (५३.६६ प्रतिशत), पहाडमा १,१७,४८,५४८ (४०.२५ प्रतिशत) र हिमालमा १,७७,८१४ (६.०९ प्रतिशत) रहेको छ ।

क्षेत्रफलका दृष्टिकोणले सबैभन्दा बढी भूगोल कर्णाली प्रदेशले ओगटेको छ, जसको क्षेत्रफल २७,९८४ (१९.०१ प्रतिशत) छ । बागमती प्रदेशको क्षेत्रफल २०,३०० वर्ग किमि (१३.६१ प्रतिशत) छ । मधेश प्रदेशको क्षेत्रफल ९,६६१ वर्ग किमि (६.५७ प्रतिशत) छ । लुम्बिनी प्रदेशको क्षेत्रफल २२,२८८ वर्ग किमि (१५.१४) छ । त्यस्तै गण्डकी प्रदेशको क्षेत्र २१,७३३ वर्ग किमि (१४.६१ प्रतिशत) छ । यसरी माथि उल्लिखित तथ्याङ्कका आधारमा विश्लेषण गर्ने हो भने राज्य पुनः संरचना र निर्वाचन क्षेत्र निर्धारण गर्दा नै असन्तुलित तरिकाले गरिएको थियो । अहिले राज्य वा सरकारले त्यसैका आधारमा बजेट बाँडफाँड गर्ने गर्छ । त्यस वेलाका विभेदकारी राज्य पुनःसंरचना र निर्वाचन क्षेत्र निर्धारणबारे पुनः विचार गरिनुपर्छ ।

### राज्य पुनः संरचना

२०६२/६३ को दोस्रो जनआन्दोलन पछि नेपालका पाँच विकास क्षेत्र, १४ अञ्चल र ७५ जिल्लालाई अझ विकेन्द्रित गरेर तल्लो तहसम्म अधिकार विनियोजन वा हस्तान्तरण गर्नका लागि नेपालको भूगोललाई स्थानीय तह, प्रदेश र संघमा पुनः संरचना गरेर अधिकार सम्पन्न र प्रतिस्पर्धी एवं समन्वयकारी बनाई राज्य शक्तिको बाँडफाँड वा वितरण गर्ने गरियो । राज्य पुनः संरचना आयोगले मुलुकलाई सुरुमा ६, १४ र ११ प्रदेशमा पुनः संरचना गर्ने भनेको भए पनि राज्य पुनः संरचना आयोगको सिफारिसलाई लत्याउँदै ६ प्रदेश बनाउने कुरा भयो । त्यसै वेला कर्णालीको सम्पूर्ण भूभागलाई सुदूर पश्चिमसँग मिसाएर १९ जिल्लाको प्रदेश बनाउने तयारी भएकै अवस्थामा कर्णालीले सुपसँग नमिसिने आन्दोलन गरेपछि सुर्खेतले चारजना गुमायो भने जुम्लाले एक जना गुमायो । त्यसपछि हतारहतार कर्णालीलाई अलग गरेर सुर्खेतदेखि साबिक कर्णालीका पाँच जिल्ला । सेतीका तीन जिल्ला र भेरीका दुई जिल्ला मिलाएर सात प्रदेश गर्ने घोषणा गरियो ।

राज्य पुनः संरचना गर्दा सामर्थ्य, पहिचान, भूगोल र जनसंख्या आदिलाई आधार बनाएर गरिनुपर्नेमा त्यस वेला केवल जनसंख्यालाई मात्र ध्यान दिएर बनाइयोह सामर्थ्य, पहिचान र भूगोललाई बेवास्ता गरियो । अहिले आएर हरेक प्रदेशमा राज्यले समान रूपमा विकास गर्न नसक्नु र बजेट विनियोजनमा पनि सन्तुलन गर्न नसक्दा जनसंख्या दुर्गमबाट सुगमतर्फ सर्ने (विस्थापित हुने) समस्या बढेको छ । जसले गर्दा कर्णाली र सुप प्रदेश लगायत अन्य पहाडी जिल्ला अन्याय र विभेदमा परेका छन् ।

संविधानको धारा १८, विश्व मानव अधिकार २०४८ को घोषणापत्र धारा १ देखि ३० सम्मको मर्म, अन्तर्राष्ट्रिय कानुन, सन्धि सम्झौता तथा संयुक्त राष्ट्रसंघको बडापत्र लगायत विपरीत राज्य पुनः संरचना र निर्वाचन क्षेत्र निर्धारण गरिएको छ । त्यसमा पुनः विचार हुनुपर्छ । मुलुक अहिले पुनः विचार र बहसमा छ । सकारात्मक समीक्षा र बहस गरेर मुलुकको राज्य संयन्त्र र सञ्चालकमा बदलाव ल्याउनुपर्छ । संविधान र त्यस अन्तर्गतका असमानता र विभेदको समाधान गरिनुपर्छ । हिमाल, पहाड एकातिर तराई र उपत्यका अर्कैतिर गरेर संघीयता र त्यस अन्तर्गतको राज्य पुनः संरचना अहिले चल्नेवाला छैन । संविधानमा राज्य पुनः संरचनाका विषयमा २० वर्षसम्म बहस गर्न नपाइने बन्देज लगाइए पनि मुलुकको परिस्थिति अनुसार पुनः विचारको मुद्दामा बहस गर्नैपर्छ । राज्य पुनः संरचनापूर्व मुलुकमा १४ अञ्चल ७५ जिल्ला थिए । त्यसैलाई पूर्णता दिएर अधिकारसम्पन्न गरिँदा पनि संघीयता चल्छ । संघीयतामा हरेक प्रान्त वा प्रदेश सन्तुलित, समन्वयकारी, प्रतिस्पर्धी र सक्षम गराई गरी संघीयतालाई लिनसकेमा राम्रो नै हुन्छ ।

*(साभारः रातोपाटी)*

# धुवाँ र धूलोको घुम्टो उघार्ने प्रयास खै ?

✍ राजु श्रेष्ठ

पछिल्ला दुई दशकमा नेपालले विद्युत् पहुँच, सडक सञ्जाल, सञ्चार, शिक्षा र स्वास्थ्यमैत्री कार्यक्रमजस्ता सूचकमा उल्लेखनीय प्रगति गरेको छ तर स्वच्छ हावाको मौलिक हक अझै अधुरै छ । राजधानी काठमाडौं उपत्यका धूलोको घुम्टोमा बन्द छ । साथै उर्वर तराई धुवाँको मुस्लोमा हराउँछ । विश्व बैंकको पछिल्लो प्रतिवेदनले यी दुवै क्षेत्रलाई 'वायु प्रदूषणको हटस्पट' का रुपमा उल्लेख गरेको छ । साथै यसलाई नेपालको दिगो विकास यात्राको सबैभन्दा जटिल र बहुआयामिक चुनौती मानेको छ । वायु प्रदूषण सार्वजनिक स्वास्थ्य, आर्थिक प्रतिस्पर्धा र अन्तर्राष्ट्रिय सहयोगको केन्द्रीय एजेन्डा बनेको छ ।

### नेपालको अवस्था

नेपालमा वायु प्रदूषणका दुई मुख्य केन्द्रविन्दुमध्ये काठमाडौं उपत्यका र तराई क्षेत्रमा मानव स्वास्थ्यका लागि सबैभन्दा खतरनाक प्रदूषक सूक्ष्म कणहरू रहेको विश्व बैंकको अध्ययन प्रतिवेदनमा उल्लेख छ । हावामा रहेका धूलोका साना कण जुन २.५ माइक्रोनभन्दा साना हुन्छन् । यस्ता धूलोका कणहरु श्वास-प्रश्वासका क्रममा नाक वा मुखबाट फोक्सो, रक्तनली हुँदै मुटु, मस्तिष्क र अन्य अंगसम्म पुग्छन् । काठमाडौंमा र सीमावर्ती तराई क्षेत्रमा प्रदूषणको स्तर विगत १० वर्षदेखि स्थिर नै रहँदै आएको छ । विश्व स्वास्थ्य संगठनले तय गरेको स्वच्छ हावाको स्तरभन्दा काठमाडौं उपत्यका र तराईमा निकै उच्च प्रदूषणयुक्त रहेको पाइएको छ ।

पछिल्लो अध्ययनअनुसार काठमाडौंको हावामा वार्षिक औसत ५० माइक्रोग्राम प्रतिघनमिटर धूलोका कण भेटिएको छ भने विराटनगर, नेपालगन्ज, जनकपुरजस्ता शहरमा यो संख्या ६० माइक्रोग्राम नाघेको थियो । यो विश्व स्वास्थ्य संगठनको मापदण्डभन्दा २०औं गुणा बढी हो । काठमाडौं उपत्यकामा प्रदूषण शहरको केन्द्र भागमा बढी छ भने शहरको बाहिरी क्षेत्र केही कम प्रदूषित छ । वर्षाको मौसममा केही घटे पनि हिउँदमा फोहोर, धूलो, डढेलो र सीमापार खेती अवशेष जलाउने प्रवृत्तिले प्रदूषणको स्तर ह्वात्तै बढेर खतराको स्तरभन्दा धेरै माथि पुग्छ ।

### स्वास्थ्यमा प्रभाव

वायु प्रदूषण नेपालको मृत्युदरमा उच्च जोखिम कारक बनेको छ । विश्व बैंकको प्रतिवेदनका अनुसार, यसले औसत नेपालीको आयु ३.४ वर्षले घटाइरहेको छ । साथै प्रत्येक वर्ष करिब २६ हजार अकाल मृत्यु वायु प्रदूषणसँगको प्रत्यक्ष वा अप्रत्यक्ष कारणद्वारा निम्तिएका छन् । जसमध्ये 'क्रोनिक अब्स्ट्रक्टिभ पल्मोनरी डिजिज' (सीओपीडी) (श्वास-प्रश्वास सम्बन्धी दीर्घरोग) को जोखिम ७५ प्रतिशत रहेको छ । स्ट्रोक (पक्षघात) ४६, फदयघात ४४, फोक्सोको संकक्रमण ४१, क्यान्सर ३८, नवजात शिशुमा समस्या ३० प्रतिशत र मधुमेह २० प्रतिशतको जोखिम वायु प्रदूषणसँग गाँसिएको छ । यो अत्यन्तै चिन्ताको विषय हो । धूलोका स-साना कणहरु फोक्सो र रगत हुँदै मस्तिष्क, मृगौलाजस्ता शरीरका कोमल अंगमा प्रत्यक्ष पुग्छन् । त्यसले मानव स्वास्थ्यमा गम्भीर क्षति पुऱ्याइरहेको छ । विद्यालय जाने बालबालिका र निर्माण, ढुवानी, सवारी क्षेत्रका श्रमिकहरु उच्च जोखिममा परेका छन् ।

### आर्थिक क्षति

विश्व बैंकको प्रतिवेदनमा नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को कम्तीमा ६ प्रतिशत अर्थात् करिब ४ खर्ब रुपियाँ बराबरको आर्थिक क्षति प्रत्यक्ष-अप्रत्यक्ष वायु प्रदूषणका कारण भएको अनुमान गरिएको छ । असरका मुख्य चक्रहरूमा श्रमिकको स्वास्थ्य बिग्रँदा कार्य-घण्टा घट्ने, कक्षामा विद्यार्थीको अनुपस्थिति बढ्ने, भिजिबिलिटी कमजोर हुँदा हवाई उडान बन्द भई पर्यटन व्यवसाय प्रभावित हुने र राजस्वमा ह्रास, स्वास्थ्यमा अतिरक्ति खर्चको भार, अन्तर्राष्ट्रिय बजारमा 'प्रदूषित शहर' को छवि बनेर लगानी आकर्षणमा अवरोधजस्ता क्षति नेपालले बेहोर्दै आएको छ । तथ्यांकमा श्रमिक अनुपस्थिति ८ प्रतिशतभन्दा बढी र पर्यटकको औसत बसाइ १ दशमलव २ दिनले घटेको छ ।

पोखरा, नेपालगन्ज र भैरहवामा वर्षको ३ सयभन्दा बढी घण्टा उडान रद्द तथा ढिलाइ भएको पाइन्छ भने शहरी मध्यमवर्गीय परिवारको वार्षिक औषधि तथा जाँच खर्चमा १२ प्रतिशतले वृद्धि भएको पाइएको छ । यस्तो विकराल अवस्थामा सन् २०३५ सम्म वायु प्रदूषण नियन्त्रण गर्न नेपालले आवश्यक पहलकदमी गरेन भने ठूलो क्षति हुने विश्व बैंकको अनुमान छ । समयमै नीति हस्तक्षेप नगरेमा १०औं हजार नेपालीले अकाल मृत्युवरण गर्नुपर्ने, नेपालको श्रम र उत्पादकत्व क्षमतामा उच्चतम ह्रास आउनेलगायत नेपालको पर्यटन उद्योग प्रभावित भई नेपाललाई अर्बौं रुपियाँको क्षति हुने अध्ययनबाट देखिएको छ ।

### वायु प्रदूषणका प्रमुख स्रोत

काठमाडौं उपत्यकामा ईँटाभट्टा, खाद्य-प्रक्रिया, लामो समयसम्म निर्माण सम्पन्न नहुने सडक, पुराना डिजेलबाट चल्ने बस, ट्रक, मोटर साइकल, जंगल डढेलो, उद्योगहरुको कोइला-ब्वायलर, चुल्होमा पनि कोइलाको प्रयोग र सीमापारबाट उडेर आउने धूलो-धुवाँ प्रदुषणको प्रमुख स्रोत मानिएको छ । त्यस्तै तराई क्षेत्रमा ठूला उद्योग, ढुवानी राजमार्गमा सवारी चाप, कृषि अवशेष (पराल जलाउने), डढेलो, घरायसी खाना पकाउने तरिका दाउरा र सबैभन्दा ठूलो हिस्सा सीमापार स्रोत (करिब ६७ प्रतिशत) प्रमुख मानिएको छ ।

### भू-बनोट र मौसमी प्रवाह

काठमाडौं उपत्यकाको भू-बनोट कचौराको जस्तो आकारमा रहेको छ, जसका कारण यहाँको भू-सतहदेखि माथि तातो र चिसो हावाको मिश्रण रोकिन्छ । हिउँदमा धूलोका कणहरु हावामा अल्झिएर 'ट्याम्प्रेचर इन्भर्जन' हुन्छ । अर्थात् तातो हावाको तह चिसो हावाको तहमाथि बस्छ, जसले तापक्रम उल्टो पार्नाले धूलो र धुवाँलाई उठ्नै नदिई जमिनमै थिच्छ । तातो हावाको यो 'ढक्कन'ले प्रदूषणलाई जमिनको सतहनजिकै रोक्छ, जसले गर्दा हावाको गुणस्तर खराब हुन्छ । दिउँसोमा उपत्यकाभित्रै हल्का वायु प्रवाहले केही हदसम्म कण विस्थापन गरे पनि साँझ र राति पुनः थिचिएको अवस्था फर्किन्छ । तराईमा दिउँसो पश्चिमी हावा चल्दा केही सफा भए पनि बिहान र साँझ धूलोको चञ्चलता चरम हुन्छ ।

### सीमापारिको प्रभाव

नेपालको तराई क्षेत्र भारत, बंगलादेश र पाकिस्तानसम्मको विशाल मैदानी क्षेत्रसँग जोडिएको छ । यो भारतीय उपमाद्वीपअन्तर्गत हिमालयदेखि दक्षिणतर्फको भिरालो मैदानी भाग समेटिने विशाल क्षेत्र हो । यो विश्वव्यापी वायु प्रदूषणमा हटस्पटका रुपमा समेत चिनिन्छ । यसलाई 'इन्डो-गंगेटिक प्लेन एन्ड हिमालयन फुटहिल्स् रिजन (आईजीपी-एचएफ) का रुपमा पनि चित्रण गर्ने गरिन्छ । यो संसारको सबैभन्दा घना जनसंख्या भएको क्षेत्रमध्येको एक हो, जसको जनसंख्या करोडौं छ । यो क्षेत्र उर्वर भूमि हो र प्रचुर मात्रामा जलस्रोतहरूले भरिएको तथा कृषिमा आधारित जनसंख्या धेरै छ । यद्यपि, यसले वायु र जल प्रदूषणसँग सम्बन्धित चुनौती, पानी व्यवस्थापन र स्रोत बाँडफाँडको समस्याहरूको पनि सामना गर्दै आएको छ । यहाँ खुल्ला एयर सेड अर्थात् सामान्य मौसमी अवस्था र प्रदूषण स्रोतहरूबाट वायुको गुणस्तर प्रभावित हुन्छ, स्थानीय भूगोल र मौसम ढाँचाका कारण प्रदूषण हुन्छ । विश्व बैंकको अध्ययनअनुसार, तराईमा दुई तिहाइ प्रदूषण सीमापारिबाट हुन्छ भने उपत्यकामा एक चौथाइ रहेको छ ।

### ३५-३५ लक्ष्य र यसको औचित्य

'इन्डो-गंगेटिक प्लेन एन्ड हिमालयन फुटहिल्स् रिजन (आईजीपी-एचएफ) अन्तर्गतको एपी फोरममा यस क्षेत्रमा वायुको गुणस्तर सुधार गर्ने प्रतिबद्धता जनाइएको छ । साथै यो फोरमले सीमापार वायु प्रदूषण चुनौतीहरूलाई सम्बोधन गर्न क्षेत्रभित्रका देशबीच सहकार्यलाई सहज बनाउने भन्ने पनि तय गरिएको छ । फोरमअन्तर्गत नेपालसहित पाँच देशले सन् २०३५ भित्र वार्षिक औसत २.५ माइक्रोनलाई ३५ माइक्रोग्राम प्रतिक्युबिक मिटरभित्र ल्याउने सामूहिक '३५/३५' प्रतिबद्धतामा हस्ताक्षर गरेका छन् । यो विश्व स्वास्थ्य संगठनको लक्ष्यसँग मेल खाने लक्ष्य हो । नेपालले यसलाई आृनो १६औं पञ्चवर्षीय योजनामा समेत प्रतिविम्बित गरेको छ ।

नेपालको वायु प्रदूषणलाई न्यूनीकरण गर्नका लागि सफा ब्वायलर प्रविधि अपनाउनु एउटा उपाय हुनसक्छ । मोबिल, डिजेल, कोइला, टायरजस्ता वस्तु ब्वायलर प्रयोग गर्दै आएका उद्योगले बिजुली वा ब्रिकेट/पेलेटजस्ता इन्धनको प्रयोगको प्रयोग गर्न सक्छन् । त्यस्तै घरायसी प्रयोगमा विद्युतीय इन्डक्सन चुल्हो वा सुधारिएको चुल्हो प्रयोग गर्ने, विद्युतीय सवारीसाधनको प्रयोग बढाउनुका साथै डिजेल गाडीको नियमित परीक्षण र मर्मत अनिवार्य बनाउने उपायहरू सबैभन्दा लागत प्रभावकारी छन् । वायु प्रदूषण न्यूनीकरण गर्न अवलम्बन गरिने उपायमा प्राथमिक लगानी उच्च देखिए पनि ऊर्जा क्षमता ३० प्रतिशतसम्म वृद्धि, कार्बन उत्सर्जन ७० प्रतिशतसम्म कटौती हुने अध्ययनबाट देखिएको छ । तर, तराई क्षेत्रमा यी उपाय मात्रै पर्याप्त हुँदैनन् । यदि छिमेकी मुलुकहरूले पनि प्रदूषण नियन्त्रणका उपायहरू नअपनाएमा लक्ष्य पूरा गर्न असम्भवजस्तै हुन्छ । त्यसैले, क्षेत्रीय समन्वय अपरिहार्य छ । त्यसका लागि विज्ञान-नीति-वित्त वार्षिक संवाद सक्रिय रूपमा उपयोग गर्नुपर्छ । प्राविधिक ज्ञान, डाटा-आदानप्रदान, डढेलो व्यवस्थापन आवश्यक रहेको छ । त्यसबाहेक सरकारले वायु प्रदूषण न्यूनीकरणका लागि केही नीतिगत संरचना निर्माण गर्नुपर्छ । जस्तै- वायु गुणस्तर मापनमा सुधारका लागि डाटा प्रणाली सुधार, कार्बन उत्सर्जन मापदण्डको निर्धारण, प्रदूषित वस्तुमा कर र सफा प्रविधिमा छुटको व्यवस्था, नयाँ प्रविधि अपनाउने वातावरण बनाउन निजी क्षेत्रलाई प्रोत्साहन र विद्युत् आपूर्तिको सुनिश्चितताजस्ता आधारभूत कार्य सरकारको दायित्वचित्र रहेको छ ।

### अन्तर्राष्ट्रिय अनुभव

चीनले बेइजिङमा सन् २०१३-२०२४ सम्मको अवधिमा वायु प्रदूषण कम गर्न औद्योगिक ऊर्जामा व्यापक सुधार गर्दै कोइला प्रतिबन्ध गऱ्यो भने सवारी नवीकरणमा कडाइ गऱ्यो । त्यस्तै मेक्सिको सिटीले सन् १९९३-२००३ को अवधिमा स्वच्छ इन्धन रूपान्तरण, सार्वजनिक यातायात सुदृढीकरण मंगोलियाले सन् २०११-१९को अवधिमा कोइलामुक्त स्टोभ, केन्द्रीय हिटर प्रणालीसम्बन्धी उदाहरण अन्तर्राष्ट्रिय मञ्चमा सधैं प्रस्तुत गर्दै आएको छ ।

**निष्कर्ष** : हामी प्रायः सोच्छौं कि समस्या आँखाले देखिनुपर्छ । तर वायु प्रदूषण यस्तो संकट हो जुन देखिँदैन, तथापि प्रत्येक मानिस यसबाट प्रभावित भएका छन् । वायु प्रदूषणले अब केवल वातावरणको मात्र नभई जनस्वास्थ्य, रोजगारी, पर्यटन, शिक्षा, कृषि र औद्योगिक भविष्यमा पनि संकटको घण्टी बजाइरहेको छ ।

*(साभारः न्यूज अफ नेपाल)*

# कागजात नकेलाई
# निजामती विधेयकमा चलखेलको आशंका

काठमाडौं/प्रतिनिधि सभाको राज्यव्यवस्था समितिबाट पारित भएको निजामती विधेयक सोमबारदेखि एकाएक विवादमा पऱ्यो । विधेयकमा राखिएको कुलिङ पिरियड सम्बन्धी व्यवस्थामा एकाएक 'बाहेक' भन्ने शब्द थपिएको भन्दै राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडा र सचिव सुरजकुमार दुरामाथि चौतर्फी प्रश्न उठ्यो ।

खासगरी निजामती सेवाको मुख्यसचिवदेखि सहसचिवसम्मका व्यक्तिहरू अवकाश भएमा उनीहरू बाहेकलाई मात्रै निषेध गर्न खोजिएको भन्दै चौतर्फी प्रश्न उठेको हो । लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेशप्रसाद मैनालीदेखि सांसदहरूले विधेयक निर्माणका क्रममा चलखेल भएको भनी प्रश्न गरे । चौतर्फी प्रश्न उठेपछि हामीले पनि विधेयकमा भएको फेरबदलबारे कागजातहरू अध्ययन गऱ्यौं । तत्कालीन मन्त्री अनितादेवीले संघीय संसद सचिवालयमा पेश गरेको विधेयक, त्यसक्रममा पेश भएको संशोधन प्रस्तावहरू अनि राज्यव्यवस्था समितिले तयार पारेको प्रतिवेदन हेऱ्यौं ।

राज्य व्यवस्था समितिको प्रतिवेदन प्रतिनिधिसभाबाट पारित भएपछि बनेको विधेयक हेर्दा परि स्थिति अर्कै देखियो । सांसदहरूले जसरी 'कुलिङ पिरियड'का बारेमा बाहेक भन्ने शब्द थपियो भन्ने जिकिर गरेका छन्, विधेयक अघि बढाउने क्रममा त्यसखालको अवस्था नभएको भेटिन्छ ।

**मन्त्रीको विधेयकको दफा ८२**

तत्कालीन सामान्य प्रशासनमन्त्री अनितादेवीले संघीय संसद् सचिवालयमा पेश गरेको विधेयकको दफा ८२ मा निजामती कर्मचारीहरूले 'अन्यत्र नोकरी गर्न वा सेवा गर्न नहुने' भन्ने व्यवस्था प्रस्ताव छ । त्यसमा विभिन्न उपदफाहरूमा निषेधात्मक व्यवस्था छ । उपदफा (४) मा मुख्यसचिवदेखि सहसचिव (राजपत्रांकित विशिष्ट वा प्रथम श्रेणीको कर्मचारी) ले सर कारीको अनुमति विना दुई वर्षसम्म गर्न नहुने कामको व्यवस्था छ । उक्त उपदफामा (क), (ख),(ग) गरी तीनवटा व्यवस्था छन् र उपदफा (५) मा त्यो व्यवस्था उल्लंघन गर्नेले पेन्सन (ऐन बमोजिमको सेवा सुविधा) नपाउने भनी उल्लेख छ ।

सरकारले संघीय संसद्मा पेश गरेको विधेयकमा अवकाश हुने कर्मचारीहरूलाई विभिन्न बन्देजात्मक व्यवस्था भए पनि कुनै नियुक्ति नै लिन नपाउने गरी कुलिङ पिरियडको व्यवस्था थिएन । पछि सांसदहरूले संशोधन प्रस्ताव पेश गरी छलफलका क्रममा कुलिङ पिरियडको व्यवस्था थपेका हुन् ।

**कुलिङ पिरियड, उपदफा (४) र चौतर्फी होहल्ला**

तत्कालीन मन्त्री अनितादेवीले पेश गरेको विधेयकको उपदफा (४) मा विशिष्ट श्रेणी र प्रथम श्रेणीका सेवानिवृत्त कर्मचारीहरूले दुई वर्षसम्म 'नेपाल सरकारको पूर्वस्वीकृति नलिई' देहायका काम गर्न हुँदैन' भन्ने व्यवस्था थियो । जसमा तीन वटा प्रावधानहरू छन् ।



सरकारले पेश गरेको विधेयकमा संशोधन प्रस्ताव राख्ने र हेरफेर गर्ने क्रममा कुलिङ पिरियडको व्यवस्था आयो । कुलिङ पिरियडको अवधारणालाई उपदफा (४) मा राख्ने निर्णय भयो । राज्य व्यवस्था समितिले पारित गरेको प्रतिवेदनमा उपदफा ३ पछि देहायको उपदफा (४) थपी त्यसपछिको उपदफा क्रम मिलाउने' भन्ने व्यवस्था पारित गरेको हो ।

राज्यव्यवस्था समितिको निर्णय अनुसार दफा ८२ को उपदफा ४ मा निम्न बमोजिमको कुलिङ पिरियडको अवधारणा थपेको देखिन्छ-

'निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन ।' सरकारले पेश गरेको विधेयकको दफा ८२ को उपदफा (४) मुख्यसचिवदेखि सहसचिवहरूलाई आकर्षित हुने (राजपत्रांकित विशिष्ट वा प्रथम श्रेणीको पद) बाट अवकाश भएपछि दुई वर्षसम्म नेपाल सरकारको पूर्वस्वीकृति नलिई गर्न नहुने कामका बारेमा व्यवस्था थियो ।

कुलिङ पिरियडको व्यवस्था दफा(४) मा राखेपछि सर कारले पेश गरेको उपदफा (४)लाई उपदफा (५) बनाउने भनी राज्य व्यवस्था समितिले नै निर्णय गरेको देखिन्छ । राज्य व्यवस्था समितिको प्रतिवेदनमा भनिएको छ, 'उपदफा (४) लाई उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५)मा रहेको 'नेपाल सरकारको पूर्वस्वीकृति नलिई' भन्ने शब्दबाट झिक्ने ।

उपदफा ४ लाई ५ बनाउने र त्यसमा रहेको 'नेपाल सरकारको पूर्वस्वीकृति नलिई' भन्ने शब्द झिक्ने बाहेक सरकारले पेस गरेको विधेयकमा कुनै फेरबदल नै नगरी राज्य व्यवस्था समितिले (राजपत्रांकित विशिष्ट वा प्रथम श्रेणीको पद) बाट अवकाश हुनेहरूका लागि तयार पारेको उपदफा पारित गरेको देखिन्छ ।

उक्त उपदफाको (क) मा उल्लेखित 'संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्ति बाहेकको पदमा नियुक्ति लिन' भन्ने व्यवस्था हुबहु पारित भएको देखिन्छ । सरकारले पेस गरेको विधेयकमा पनि बाहेक भन्ने शब्द थियो । उपदफा मिलाउने बाहेक अरू संशोधन नगरेपछि प्रतिनिधिसभाबाट पारित भएको विधेयकमा पनि त्यही बाहेक भन्ने शब्द हुबहु रहने नै भयो ।

**तत्काल प्रतिक्रियाको हतारो**

प्रतिनिधिसभाको राज्य व्यवस्था समितिबाट पारित भएको विधेयकमा 'बाहेक' भन्ने शब्द थपिएको होहल्लापछि कतिपय सांसदहरूले आपत्ति जनाए । उनीहरूले त्यसमाथि छानबिन गरी संलग्नहरूमाथि कारबाहीको माग समेत गरे । राज्यव्यवस्था समितिमा विधेयकमाथि छलफल हुँदा मुख्यसचिव एकनारायण अर्यालदेखि कतिपय प्रभावशाली सचिवहरूले हुल बाँधेर 'कुलिङ पिरियडको व्यवस्था नराख्न' दबाब दिएका थिए । उनीहरूले प्रधानमन्त्री केपी शर्मा ओलीदेखि कांग्रेस सभापति शेर बहादुर देउवालाई भेटेर दबाब दिए ।

उनीहरूकै अस्वाभाविक र गैरव्यावसायिक सक्रियताका कारण विधेयकमा शब्द थपिएको भनी चौतर्फी प्रश्न उठेको हो । 'मुख्यसचिव देखि सहसचिवलाई संवैधानिक र कूटनीतिक नियुक्ति बाहेकमा' नियुक्ति लिन बाधा पर्नेछैन भन्ने व्यवस्था थपिएको भन्दै उनीहरूले तल्ला तहका कर्मचारीहरूलाई मात्रै बन्देजात्मक व्यवस्था राख्न खोजिएको भन्दै आक्रोश पोखेका हुन् ।

नेपाली कांग्रेसका नेता डा. शेखर कोइराला संसदीय समितिबाट पारित विधेयक अनधिकृत रूपमा परिवर्तन भएको बुझाइमा छन् । उनले त्यो कामलाई 'घोर अपराध' र सार्वभौम संसद्रुप्रतिको 'अपमान' भनेर आपत्ति जनाए । 'सर्वसम्मतिबाट संसद्मा पेश भएको निजामती सेवा विधेयक अनधिकृत रूपमा परिवर्तन गरिनु, गराइनु कुनै सामान्य घटना नभई, देश र जनताप्रति गरिएको घोर अपराध र सार्वभौम संसद्प्रति गरिएको अपमान हो' उनले सामाजिक सञ्जालमा लेखेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रवक्ता मनिष झाले विधेयक पढ्दै नपढी सांसदहरूले पारित गरेको भन्दै व्यंग्य गरे । उनले भने, 'राज्यव्यवस्था समितिका सभापतिज्यू, तपाईंले संघीय सदनको रोस्टमबाट टेबल गरेको भन्दा फरक कुरा विधेयकमा कसरी आयो ?' कि यो सुधार्नुस्, कि आफूले गरेको नालायकीपन स्वीकार गरेर समितिबाट राजीनामा दिनुस् ।'

कांग्रेसका सांसद चन्द्र भण्डारीले पनि दर्ता भएको विधेयक, त्यसमाथिको संशोधन र पारित विधेयकमाथि अध्ययन गर्न जरूरी देखेनन् । हल्लाको भरमा संसद्मा सांसदलाई समेत ढाँट्ने काम भएको भन्दै असन्तुष्टि जनाए । 'संसद्मा सांसदलाई समेत ढाँट्ने, छल्ने र किर्ते गर्ने गरे पछि यो मुलुक कति ठगिएको होला ?' भण्डारीले भने, 'यो अक्षम्य अपराधको कारबाही हुनुपर्छ ।'

नेकपा माओवादी केन्द्रले छानबिनकै माग गरेको छ । सभामुख देवराज घिमिरेले मंगलबार विभिन्न दलका नेताहरूसँग छलफल गरे । बैठकपछि नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले निजामती विधेयकमा रहेको कुलिङ पिरियडको व्यवस्थामा चलखेल भएको भनेर त्यसलाई गम्भीर अपराधको संज्ञा दिए । 'यसमा समितिले पास गरेकोभन्दा बाहिर गरिएको भन्नेमा सबै सदस्यहरूको एउटै धारणा छ' उनले भने, 'सभापतिले पनि मलाई थाहा नभएको कुरा हो भन्नुभएको छ । सचिवले स्वाभाविक रूपमा लेखेको भन्नुभएको छ तर यस्ता कुराहरू स्वाभाविक हुँदैनन् ।'

सभामुख घिमिरेले छानबिन हुनुपर्ने प्रतिक्रिया दिएका छन् । सभामुखको भनाइ उदृत गर्दै उनका प्रेस विज्ञ शेखर अधिकारीले भने, 'यो सामान्य विषय होइन, गम्भीर छानबिनको विषय हो । यसको कुन प्रक्रियामा कसरी र कुन ठाउँमा पुगेर त्रुटि भएको हो त्यो खोज्छौं ।'

**के मुख्यसचिव र सचिवलाई बाटो खुलेको हो ?**

राज्यव्यवस्था समितिबाट निजामती विधेयक पारित भएपछि कतिपय सरकारी कर्मचारी र सार्वजनिक जीवनमा ख्याती कमाएका व्यक्तिले समेत विधेयकमा घुसपैठ भएको भन्दै आपत्ति जनाए । केही कर्मचारीहरूले त मुख्यसचिव, सचिव र सहसचिवलाई लागू नहुने गरी मात्रै कुलिङ पिरियडको व्यवस्था गरिएको भन्दै आपत्ति जनाएका हुन् ।

तर प्रतिनिधिसभाले पारित गरेको विधेयकको दफा ८२ को उपदफा ४ र ५ को व्यवस्था तुलना गरेर हेर्ने हो भने निजामती कर्मचारीहरूलाई कुलिङ पिरियडको अवधारणा यथावत् राखेको देखिन्छ । मुख्यसचिवदेखि खरिदारसम्मलाई संवैधानिक र सरकारी नियुक्ति लिन दुई वर्षसम्म बन्देजात्मक व्यवस्था यथावत् छ ।

उपदफा ४ मा निजामती कर्मचारी, अरू सरकारी सेवाका व्यक्तिले राजीनामा दिएमा वा अवकाश लिएमा दुई वर्षसम्म कुनै पनि संवैधानिक र सरकारी पद नपाउने व्यवस्था स्पष्ट रूपमा राखिएको छ । प्रशासकीय अदालतका अध्यक्ष भइसकेका पूर्वसचिव काशीराज दाहाल कानूनका दफाहरू सिलसिलेवार मिलेका र एकअर्कामा विरोधाभासयुक्त नभएका हुनुपर्ने बताउँछन् । 'कतिपय कानूनी व्यवस्थामा 'माथि लेखिए पनि यस्तो हुनेछ भनेको हुन्छ, त्यो फरक विषय भयो' उनी भन्छन्, 'अन्यथा कानूनी व्यवस्थाहरू एकअर्कामा बाझिनुहुँदैन, छलफलकै क्रममा रहेकाले यस्ता त्रुटि सच्याउनुपर्छ ।'

उपदफा ५ मूलत: मुख्यसचिवदेखि सहसचिवहरूलाई आकर्षित हुने व्यवस्था हो । त्यसमा उनीहरूलाई संवैधानिक, कूटनीतिक र सरकाले गर्ने नियुक्ति बाहेक अरू काम गर्न नहुने व्यवस्था थपिएको हो । उपदफा ४ मा नै नियुक्तिमा निषेध छ भने ५ मा बाहेक भन्ने शब्द राखेकै आधारमा त्यो खुला गरेको अर्थ लगाउन मिल्दैन भन्ने कतिपयको धारणा छ । सरकारी नियुक्ति बाहेक निजी क्षेत्रबाट आउने लाभको अवसर, दातृ निकायमा हुने नियुक्ति र आफूले गरेको कामसँग सम्बन्धित क्षेत्र वा नियमन गर्ने निकाय भए त्यस अन्तर्गतका अरू कम्पनीहरूमा हुनसक्ने नियुक्ति निषेध गर्न त्यो व्यवस्था राखेको देखिन्छ ।

त्यतिबेला प्रचण्ड सर कारले कुलिङ पिरियडको प्रावधान नल्याई अलि खुकुलो खालको प्रावधान सहितको विधेयक संघीय संसदमा पेस गरेको थियो । तर कुलिङ पिरियडको अवधारणा समावेश भएपछि त्यससँग खप्टिने र बाझिएजस्तो हुने पुरानो विधेयकको व्यवस्था परिमार्जन वा हटाउनुपर्ने थियो । तर नयाँ व्यवस्था थप्दा त्यससँग तालमेल नमिल्ने र दोहोरो अर्थ लाग्ने व्यवस्था यथावत् राखेर विधेयक पेश भएकाले अहिलेको समस्या देखिएको जानकारहरू बताउँछन् ।

कानून आयोगको अध्यक्ष समेत भइसकेका पूर्वमन्त्री माधव पौडेल कानून मस्यौदाका क्रममा संशोधित विषयवस्तुलाई सिलसिलेवार रूपमा मिलाउन नसक्दा कतिपय प्रावधान बाझिने बताउँछन् । 'कानुन मस्यौदाका क्रममा एकखालको सिलसिलेवार रूपमा विधेयक पेश भयो, त्यसमा विभिन्न प्रावधान संशोधन भयो' उनी भन्छन्, 'संशोधनपछि त्यसभन्दा तलका प्रावधानहरूलाई सिलसिलाबद्ध रूपमा मिलाउनुपर्ने हो । त्यतातर्फ ध्यान नदिंदा समस्या भएको हुनसक्छ ।'

(स्रोत: अनलाइनखबर)

# 'गोबर गणेश' बनाउँदै
## बल्छी धुर्बे, मुख्य भूमिकामा वर्षा




काठमाडौं/टेलिसिरियलमा पाएको सफलताबाट हौसिएर श्रृंखलाबद्ध रुपमा हास्य कलाकारहरु फिल्म निर्माणमा होमिरहेका छन् । महजोडी, दीपकराज गिरी, शिवहरी पौडेल, कुमार कट्टेल जस्ता कलाकारले फिल्म निर्माण गरिसकेको अवस्थामा अब अर्का हास्य कलाकार मरिचमान श्रेष्ठ 'बल्छी धुर्बे' पनि फिल्म निर्माणमा होमिएका छन्। उनले आफ्नो निर्देशन फिल्म 'गोबर गणेश' बनाउन लागेका हुन् ।

मंगलबार थिम पोस्टर सार्वजनिक गर्दै मरिचमानले फिल्मको प्रदर्शन मिति समेत घोषणा गरेका छन् । यसअघि फागुन १ गते आउने भनिएको यो फिल्म अब एक महिनाअघि अर्थात् माघे संक्रान्तिको दिन पारेर माघ १ गतेबाट प्रदर्शन हुनेछ । मरिचमानको कम्पनी बल्छी धुर्बे फिल्म्सको प्रस्तुतिमा बन्न लागेको फिल्मको छायांकन भदौबाट गरिँदैछ । यो फिल्म कमेडी कथावस्तुमा बन्नेछ ।

'गोबर गणेश'मा मुख्य कलाकारको 'लाइनअप' तयार भइसकेको छ । यो फिल्ममा वर्षा सिवाकोटी, पदम तामाङ, सन्तोष बानियाँ, माओत्से गुरुङ, पुजन घिमिरे पुकु, सीतादेवी तिमल्सेनाको अभिनय रहनेछ । सीतादेवी हास्य कलाकार केदार घिमिरेकी श्रीमती हुन् । पुजन भने 'हल्का रमाइलो' नामक सिरियलकी कलाकार हुन् । थप कलाकार केही दिनमा सार्वजनिक गरिने जनाइएको छ ।

निर्देशक श्रेष्ठले दर्शक हँसाउनका लागि 'गोबर गणेश' बनाउन लागेको बताएका छन् । फिल्ममा उनको अभिनय रहने छ वा छैन भन्नेबारे भने जानकारी गराइएको छैन । कुनै समयको चर्चित हास्य टेलिसिरियल 'मेरी बास्सै'मा बल्छी धुर्बेको भूमिकामा अभिनय गरेपछि चर्चामा आएका उनी अहिले 'हल्का रमाइलो' सिरियलमा संलग्न छन् । यसमा उनको अभिनयसँगै निर्देशन पनि रहेको छ ।

# 'यो मन त मेरो नेपाली हो' बालबालिकालाई देखाउन उपयुक्त छ : पाठ्यक्रम विकास केन्द्र

काठमाडौं/शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले फिल्म 'यो मन त मेरो नेपाली हो' विद्यालयस्तरका बालबालिकाहरूलाई देखाउन उपयुक्त रहेको बताएको छ । केन्द्रका निर्देशक विजयराज बढुले फिलमका निर्मातालाई पठाएको शुभकामना सन्देशमा फिलमले बालबालिकाहरूलाई आफ्नो भाषा र संस्कृतिप्रति उच्च सम्मान महसुस गराउने जनाइएको छ ।




शुभकामना पत्रमा भनिएको छ, 'भविष्यका कर्णाधार आजका बालबालिकाहरूलाई आफ्नो भाषा र संस्कृतिप्रति गर्व गर्न तथा नेपाली हुनुमा उच्च सम्मान महसुस गराउने भएकाले विशेषत: विद्यालयस्तरका बालबालिकालाई 'यो मन त मेरो नेपाली हो'लाई सरोकारवाला निकायको अनुमति तथा स्वीकृति लिई देखाउनु उपयुक्त हुने देखिन्छ ।'

यो फिल्म विशुद्ध नेपाली भाषा तथा संस्कृतिमा आधारित र हेकाले यस्ता प्रकृतिका फिल्मलाई राज्यका निकाय तथा सरोकारवाला समाजिक संघ-संस्थाहरूले संरक्षण तथा संवर्द्धन गर्नुपर्ने केन्द्रले पठाएको पत्रमा उल्लेख छ ।

देश र जनताप्रति उत्तरदायी भूमिका निर्वाह गर्दै एउटा सार्थक देशभक्तिपूर्ण फिल्म बनाएकोमा केन्द्रले निर्माण टिमलाई धन्यवाद ज्ञापन गरेको छ ।

यही असार २७ गतेबाट प्रदर्शनमा आउन लागेको यो फिलममा मित्र प्रधान (नर)को निर्देशन रहेको छ । यसमा विजय बराल, रोशन श्रेष्ठ, विल्सन विक्रम राई, बुद्धि तामाङ, आयुषा समाल, नारायण खाती, भुपेन्द्र लिङ्देन, सुवास भण्डारी, विजय सुब्बा, विजिता परियार लगायतले अभिनय गरेका छन् । फिल्मले नेपाली भाषाप्रतिको आकर्षण, महत्त्व र इतिहासलाई दर्शाउने जनाइएको छ ।

# विद्याको पुनरागमन घोषणामा बादलको अर्थपूर्ण उपस्थिति

काठमाडौं/पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले सक्रिय राजनीतिमा फर्कने घोषणा गरेसँगै नेकपा एमालेभित्रको शक्ति-समीकरण बदलिएको छ । अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली निर्विकल्प रहेको एमालेभित्र पूर्वराष्ट्रपति भण्डारी वैकल्पिक नेतृत्वका रुपमा अगाडि आएकी छन् । अहिले एमालेभित्र ओलीलाई नै निरन्तरता दिने र नेतृत्व परिवर्तन गर्नुपर्ने पक्षधरबीच बहस सुरु भएको छ ।

ओली निकटस्थहरुले नेतृत्वको विकल्प खोज्ने बेला नभएको तर्क गरिरहेका छन् । तर पूर्वराष्ट्रपति भण्डारी निकटस्थहरूले ओलीको विकल्प आवश्यक रहेको तर्क सहित नयाँ नेतृत्वको पहल थालिसकेका छन् । पूर्वराष्ट्रपति भण्डारी शितल निवासबाट फर्किएपछि बाक्लिदै गएको नेतृत्व परिवर्तनको एजेण्डा गत १४ असारदेखि सतहमै आएको छ । मदन भण्डारीको ७४औं जन्मजयन्तीको अवसर पारेर पूर्वराष्ट्रपति भण्डारीले राष्ट्रिय सभा गृहबाट एमालेको सक्रिय राजनीतिमा पुन: फर्किएको घोषणा सँगै पार्टी नेतृत्व परिवर्तनको बहस सतहमा आएको हो । सँगै, एमाले नेता-कार्यकर्ताहरुको कित्ताकाँट पनि सुरु भएको छ । महासचिव शंकर पोखरेल र उपमहासचिव प्रदीप ज्ञवाली सहितका नेताहरू ओलीको बचाउमा उत्रिएका छन् ।

वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र उपाध्यक्ष युवराज ज्ञवालीले खुलेरै पूर्वराष्ट्रपति भण्डारीलाई साथ दिएका छन् । दुवै जनाले सार्वजनिक कार्यक्रम र अन्तर्वार्ता मार्फत् पूर्वराष्ट्रपति भण्डारीले एमालेको राजनीतिमा आउन पाउने तर्क गरिरहेका छन् । तर अरु धेरै पदाधिकारी र नेताहरू भने खुल्नै बाँकी छ । 'कता उभिने भन्नेमा नेताहरू ठूलो अलमलमा हुन्छ । तर एउटा लाइनमा उभिनैपर्ने भएकाले नेताहरुलाई सकस होला', एक नेता भन्छन् ।

एमाले नेताहरूलाई यस्तो सकस परिरहेका बेला उपाध्यक्ष रामबहादुर थापा बादल भने राष्ट्रिय सभागृहको कार्यक्रममा देखिए । तत्कालीन नेकपा फुट्दा माओवादी छोडेर ओलीतर्फ उभिएका नेता बादललाई राष्ट्रिय सभागृहमा त्यसदिन देखिनुलाई एमाले पंक्तिमा चासोका साथ हेरिएको पाइन्छ । पार्टी कार्यक्रमहरू बाहेक अन्य गतिविधिमा हत्तपत्त नदेखिने र नबोल्ने स्वभावका कारणले पनि त्यसदिन उनी सभागृहमा देखिनुलाई चासोका साथ हेरिएको बुझ्न सकिन्छ । अझ त्यो सभाबाटै विद्या भण्डारीले एमाले राजनीतिमा फर्कने घोषणा गर्ने सूचना सार्वजनिक भइसकेको थियो ।

'पार्टी कार्यक्रमहरूमा समेत छानेर जाने नेता हो, उहाँ । तर एमाले नेतृत्वको विकल्पमा विद्या भण्डारी आउने घोषणा हुने कार्यक्रममा जानुभयो, यसलाई अर्थपूर्ण रुपमै लिनुपर्छ', एमालेका एक नेता भन्छन् । सभागृहको त्यो कार्यक्रममा पूर्वराष्ट्रपति भण्डारीलाई साथ दिने पक्षका पदाधिकारीहरू मात्रै सहभागी भएकाले पनि बादलको उपस्थिति अर्थपूर्ण देखिन्छ । त्यो कार्यक्रममा वरिष्ठ उपाध्यक्ष पोखरेल, उपाध्यक्षहरू सुरेन्द्र पाण्डे र युवराज ज्ञवाली, सचिवहरू गोकर्ण विष्ट र रघुवीर महासेठ सहभागी थिए । यी पदाधिकारीसँग थिए, बादल । उच्च स्रोतका अनुसार, बादललाई त्यो कार्यक्रममा आउन पूर्वराष्ट्रपति भण्डारीले नै आग्रह गरेकी थिइन् । जुन निम्तो मानेर सभा गृहमा सहभागी भए । 'सम्माननीयसँगै कुरा भएर उहाँ त्यो कार्यक्रममा आउनु भएको हो, अरु कुनै कुरा भए जस्तो लाग्दैन । धेरै अनुमान गर्न पनि आवश्यक छैन', भण्डारी निकट एक नेता भन्छन् ।

(स्रोत: अनलाइनखबर)

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

# शारदा माविका 'ए प्लस' ल्याउने नगरकोटीलाई ११ हजार प्रदान

साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ माध्यमिक शिक्षा परीक्षा (एसईई) मा शतप्रतिशत नतिजा निकालेको मकवानपुरगढी गाउँपालिका वडा नं. ५ स्थित शारदा माध्यमिक विद्यालयले खुशीयाली मनाएको छ ।

२०८१ सालको एसईईमा ग्रामीण भेगको अन्य विद्यालयको नतिजमा कमजोर भएको अवस्थामा शारदा माविबाट परीक्षा दिएका २५ जना सबै विद्यार्थी उत्तीर्ण भएका हुन् । मंगलबार विद्यालयले औपचारिक कार्यक्रमको आयोजना गर्दै विद्यार्थी र अभिभावकलाई माला लगाई सम्मान गरेको हो । कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले पाँचवर्षे बहुयोजना बनाइएको जानकारी दिएका छन् । उनले मकवानपुरगढीको समृद्धिको आधार शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारलाई मानेर अघि बढिरहेको उल्लेख गरे ।



अध्यक्ष लामाले पाँचवर्षे योजनाको पहिलो वर्षमै शिक्षामा छलाङ मार्नुपर्ने लक्ष्य रहेपनि तत्कालीन समयमा त्यो सफल हुन नसकेको बताए । तर, निरन्तर प्रयास गर्दै जाँदा यो शैक्षिक वर्षमा उल्लेखनीय सफलता हासिल भएको भन्दै शारदा माध्यमिक विद्यालयको यस वर्षको शतप्रतिशत एसईई नतिजाले विद्यालयको नारा सकरात्मक सोच, उत्कृष्ट परिणामलाई पुष्टि गरेको उनको भनाई छ ।

अध्यक्ष लामाले 'ए प्लस' ल्याउने विद्यार्थी राजन नगरकोटीलाई नगद ११ हजार रुपैयाँ प्रदान गरे । त्यस्तै, अन्य २४ जना विद्यार्थीलाई २५ सय रुपैयाँका दरले नगद पुरस्कार गाउँपालिकाको तर्फबाट वितरण गरिएको हो । हेटौंडा स्कुल अफ म्यानेजमेन्टका प्रमुख पुरन बहादुर जोशीले विद्यालयका सबै २५ जना विद्यार्थीलाई २५/२५ सय रुपैयाँका दरले छात्रवृत्तिकारुपमा नगद सहयोग दिने घोषणा गरे । विद्यार्थीको सफलतामा अभिभावकको भूमिका महत्वपूर्ण रहेको भन्दै, कार्यक्रममा अभिभावकलाई पनि माला लगाएर सम्मान गरिएको थियो ।

औपचारिक कार्यक्रम पछि विद्यार्थी, शिक्षक, अभिभावक र स्थानीय बासिन्दाको सहभागितामा विजयउत्सवका रुपमा र्‍याली निकालिएको थियो । र्‍याली विद्यालयबाट सुरु भई गाउँका विभिन्न टोल परिक्रमा गर्दै पुन: विद्यालयमै समापन गरिएको थियो । गतवर्षको तुलनामा यस वर्षको नतिजा उल्लेखनीयरुपमा सुधार भएको छ ।

## आन्तरिक रोजगार प्रवर्द्धनको लागि सरोकारवालासँग छलफल

साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ आन्तरिक रोजगार प्रवर्द्धनको लागि स्थानीय सरकारको, निजीक्षेत्र र सरोकारवालाबीच छलफल एवम् अन्तरक्रिया हेटौंडामा सम्पन्न भएको छ ।

हेटौंडा उपमहानगर पालिकाको आयोजना एवम् उद्योग संघ मकवानपुरको सहआयोजनामा मंगलबार कार्यक्रम भएको हो । उपमहानगरउपप्रमुख राजेश बानियाँको सभाध्यक्षता एवम् जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलानको प्रमुख आतिथ्यतामा अन्तरक्रिया भएको हो । कार्यक्रममा प्रमुख घलानले रोजगारसम्बन्धी तालिम प्रभावकारी हुन नसक्दा दक्ष जनशक्ति बाहिरबाट ल्याउनुपरेको बताएका छन् । दिएका तालिमबाट कतिजना स्वरोजगार भए त्यसमा बहस गर्नुपर्ने उनको भनाई छ ।

प्रमुख घलानले उद्योगको लागि चाहिने जनशक्ति स्वदेशमै उत्पादन गर्नुपर्नेमा जोड दिए । लगानीकर्तालाई पनि लगानी सुरक्षाको अनुभूति गराउने जिम्मेवारी सरकारको भएको उनले बताए । त्यसैगरी उपमहानगरका उपप्रमुख बानियाँले रोजगारीको अवसरमा प्रत्येक नागरिकको घरमा पुऱ्याउन आफूहरु उद्योग संघसँग सहकार्य गर्न तयार रहेको बताए । उद्योगीलाई नकारात्मक दृष्टिकोणले हेर्दा धेरै उद्योग बन्द हुनपुगेको उनले बताए ।

## महिला सशस्त्र प्रहरीले पुरुषसरह योगदान दिएको छ: मन्त्री तामाङ



साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ बागमती प्रदेशकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री शुकमाया तामाङले सशस्त्र प्रहरी परिवार महिला संघलाई ऊर्जाका साथ राष्ट्रसेवामा लाग्न निर्देशन दिएकी छन् ।

हेटौंडा-८ स्थित १४ नम्बर गण हेडक्वाटर, मकवानपुरमा मंगलबार आयोजना भएको सशस्त्र प्रहरी परिवार महिला संघको २४ औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै मन्त्री तामाङले महिला सशस्त्र प्रहरी समूहले पुरुषसरह राज्यलाई योगदान दिन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताइन् । उनले लक्ष्य प्राप्तिका लागि धेरै कठिनाइहरु पारगर्दै आजको अवस्थामा आइपुगेको संघलाई बधाई दिँदै आगामी दिनमा अझ उत्कृष्ट कार्य गर्ने विश्वास व्यक्त गरिन् ।

कार्यक्रममा उत्कृष्ट कार्यसम्पादन गर्ने महिला सशस्त्र प्रहरीनिरीक्षक गोमा परियार, इलाका प्रहरी कार्यालय पशुपतिनगरकी प्रहरीनिरीक्षक विमला कठायत, जवान मीरा राई र सुस्मा दर्लामी मगरलाई सम्मान गरिएको थियो ।

त्यसैगरी, विभिन्न क्षेत्रमार्फत महिला सशक्तीकरणमा योगदान पुऱ्याएका बागमती प्रदेश स्वास्थ्य मन्त्रालयकी सचिव डा.सुमित्रा गौतम, सामाजिक विकास मन्त्रालयकी सचिव विनु बज्राचार्य, मकवानपुरकी प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ, हेटौंडा औद्योगिक क्षेत्रकी व्यवस्थापक संगीता कुँवर, पत्रकार सरिता दाहाल, नेपाल बार एसोसिएसन मकवानपुरकी अध्यक्ष अप्सरा बस्नेत, अमर माविकी प्रधानाध्यापक मालती उप्रेती, जिल्ला अस्पताल मकवानपुरकी बालरोग विशेषज्ञ डा. सम्झना फुँयाललाई पनि सम्मान गरिएको थियो ।

बागमती प्रदेश सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष अञ्जना पौडेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा नेपाल नं.३ गढीमाई बाहिनी मुख्यालय मकवानपुरका बाहिनीपति अञ्जनी कुमार पोखरेलसहित अन्य विशिष्ट व्यक्तिको आतिथ्यता रहेको थियो ।

## कैलाशमा सीपपश्चात प्रविधि हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ कैलाश गाउँपालिका वडा नम्बर ८ भार्तामा सीप तालिमपश्चात प्रविधि हस्तान्तरण गरिएको छ ।

गरिबी निवारणको लागि लघुउद्यम विकास कार्यक्रम (मेड्पा) को १० दिने एडभान्स हाते ट्याक्टर मर्मत तालिमपश्चात समूहमा प्रविधि हस्तान्तरण गरिएको हो । तालिम गत चैत २९ गतेदेखि १० दिन सञ्चालन भएको गाउँपालिका उद्यम विकास शाखाप्रमुख प्रमिला अर्यालले बताइन् । तालिममा सहभागि भएका १६ जनालाई ट्याक्टर मर्मत गर्ने टुल्स व्याग प्रदान गरिएको उनले बताइन् । एक लाख ६० हजार लागतको टुल्स १६ जनालाई प्रदान गरेका छौं, बिग्रेका हाते ट्याक्टर मर्मत गर्नेछन्, उनले भनिन् । सीपसँगै आयआर्जन वृद्धि हुने हेतुले तालिम प्रदान गरिएको उनले बताइन् ।

वडा नम्बर ८ का वडाध्यक्ष आशिष प्रजाको अध्यक्षतामा टुल्स वितरण गरिएको थियो । अध्यक्ष प्रजाले बिग्रिएका हाते ट्याक्टर मर्मत गरी आफ्नो सीपलाई निखार्न आग्रह गरेका थिए । कार्यक्रममा वडासचिव प्रकाश अर्याल, उद्यम विकास शाखाप्रमुख अर्याल, कृषिप्राविधिक प्रताप थिङ, प्राविधिक रुपक मल्ललगायतको उपस्थिति रहेको थियो ।

## राक्सिराङमा आयुर्वेद औषधालय भवन उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ मकवानपुरको राक्सिराङ गाउँपालिका-५, ठाडेचुरीमा निर्मित आयुर्वेद औषधालय भवनको उद्घाटन गरिएको छ ।

मंगलबार एक कार्यक्रमका बीच नेपाली कांग्रेस बागमती प्रदेशका सभापति एवम् बागमती प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँले भवनको उद्घाटन गरेका हुन् । कार्यक्रममा नेता बानियाँले आयुर्वे प्राचीन मानवीय सेवा प्रणालीको एक प्रभावकारी माध्यम भएको बताए । यसले आधुनिक औषधिले दिने साइड इफेक्टबाट मुक्त जनस्वास्थ्य सेवा प्रदान गर्ने विश्वास व्यक्त गरे । बानियाँले कम आय भएका नागरिकका लागि सर्वसुलभ र प्रभावकारी स्वास्थ्यसेवा दिन सकिने औषधालयलाई प्रदेश सरकारको तर्फबाट सक्दो सहयोग गरिने प्रतिबद्धता जनाए ।

स्थानीय तहसँग समन्वय गरेर अस्पतालका अन्य पूर्वाधार निर्माणमा प्रदेश सरकारले सहयोग गर्ने बताउँदै उनले राक्सिराङमा वर्षौंदेखिको जग्गाधनी पूर्जासम्बन्धी समस्या समाधानका लागि सम्बन्धित निकायसँग समन्वय गरेर समाधान गरिने बताए । नेता बानियाँले राक्सिराङमा बिगतदेखि प्रदेश सरकारबाट आएको पूर्वाधार बजेटलाई उचित समन्वय गरी आयआर्जन, रोजगारी तथा विकास निर्माणमा जोडिनुपर्नेमा जनप्रतिनिधि गम्भीर र उत्तरदायी हुनुपर्नेमा जोड दिए ।

औषधालयमा ओपीडी सेवा, जेष्ठनागरिक तथा स्तनपायी महिलाका लागि विशेष स्वास्थ्य परामर्श, योग तथा पञ्चकर्म सेवा सञ्चालन हुने जानकारी औषधालय प्रमुख कविराज निरीक्षक रामबचन साहले जानकारी दिए । गाउँपालिकाको ३० लाख रुपैयाँको बजेटबाट निर्माण गरिएको आयुर्वेद औषधालय २ कठ्ठा १० धुर क्षेत्रफलमा फैलिएको छ । औषधालय निर्माणका लागि आवश्यक जग्गा स्थानीय स्व. रामबहादुर प्रजाले नि:शुल्क दान गरेका हुन् ।

गाउँपालिका अध्यक्ष राज कुमार मल्लको सभाध्यक्षतामा भएको समारोहमा गाउँपालिका उपाध्यक्ष बनस्थम थिङ, वडा नं. ५ का अध्यक्ष हरिबहादुर प्रजालगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा गाउँपालिका जनप्रतिनिधि, विभिन्न दलका प्रतिनिधि, पालिका कर्मचारी र स्थानीयको उल्लेखनीय उपस्थिति रहेको थियो ।

## अनलाइनको दर्ता खारेज सम्बन्धि सूचना !

*प्रथम पटक प्रकाशित मिति: २०८२/०३/१४*

"सूचना तथा प्रशारण विभागमा दर्ता नं. ४३८०–२०८०/२०८१ मिति २०८०/१०/२८ मा दर्ता रहेको तितो सत्य मिडिया प्रा.लि.द्धारा सञ्चालित www.titosatye.com नामक अनलाइन पत्रिकाको दर्ता खारेज गरिने हुँदा यस अनलाइनसँग सम्बन्धित कुनै श्रमजिवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति २०८२/३/१४ देखि २०८२/३/२८ (१५ दिन) भित्र यस कम्पनीको ठेगाना चन्द्रपुर-४, रौतहट, मधेश, नेपाल, सञ्चालकको मोवाइल नम्बर ९८४५५१०८०० वा email: titosatye@5808@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमा उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने ब्यहोरा अनुरोध छ ।"

# म्यानेजमेन्टले शिक्षाशास्त्र संकायमा निशूल्क पठनपाठन गराउने

साझाकुरा संवाददाता

हेटौंडा, १७ असार/ हेटौंडा उपमहागनगरपालिका-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्टले कक्षा-११ र १२ मा शिक्षाशास्त्र संकायमा निशूल्क पठनपाठन गराउने भएको छ ।

शिक्षाक्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले निशूल्क पठनपाठनको व्यवस्था गर्न लागेको म्यानेजमेन्टले जनाएको छ । पछिल्लो समय दक्ष शिक्षकको अभाव देखिएको उल्लेख गर्दै म्यानेजमेन्टले नवोदय इनोभेसन सेन्टरसँगको सहकार्यमा निशूल्क पठनपाठनको व्यवस्था गर्न लागेको जनाएको छ । म्यानेजमेन्टले सीमित संख्यामा विद्यार्थी राखेर पठनपाठन गर्ने जनाएको छ ।




शिक्षाशास्त्र संकायमा नेपाली, अंग्रेजी र गणित विषय पठनपाठन गराउने जनाएको छ । औपचारिक अध्ययन, अध्यापनसँगै शिक्षाशास्त्र संकायमा निशूल्क अध्ययन गर्ने विद्यार्थीलाई शिक्षण अभ्यासको अवसर प्रदान गरिने छ । विद्यार्थीको व्यवहारिक दक्षता अभिवृद्धिसँगै विद्यार्थीको शिक्षणक्षेत्रमा आत्मविश्वास बढाउने म्यानेजमेन्टले उल्लेख गरेको छ ।

२०५२ सालमा स्थापित म्यानेजमेन्टले अहिले कक्षा ११ र १२ मा विज्ञान संकाय, वाणिज्य संकाय, होटल म्यानेजमेन्ट, व्युटिसियन विषय पठनपाठन गर्दै आएको छ भने स्नातक तहमा बीआइएम, बीसीए र बीबीएस विषय अध्यापन गराउँदै आएको छ ।

## पालुङ्ग बहुउद्देश्यीय सहकारी सस्था लि.

**PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD**

पालुङ, मकवानपुर । Palung, Makawanpur

### तपसिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना

*प्रकाशित मिति : २०८२/०३/१८*

यस सहकारी संस्थाबाट तपसिलका ऋणीहरुलाई तपसिलमा उल्लेख भएबमोजिमको कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने सावा ब्याज रकम संस्थाले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिंदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस दिन) भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कर्जा सम्वन्धि सम्झौताका शर्त, लिखत तथा प्रचलित नेपाल कानूनबमोजिम कर्जा असूल्ने क्रममा तपाईले धितो बन्धक स्वरुप यस संस्थामा सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति बेच विखन गरी कर्जा रकम असूल उपर गरी लिइनेछ । सोबाट समेत असुलउपर हुनुपर्ने सम्पूर्ण रकम असुलउपर हुन नसकेमा प्रचलित कानून अनुसार तपाई ऋणीको अन्य चलअचल सम्पत्ति, जायजेथा समेतबाट संस्थाले आफ्नो लेना रकम असुल उपर गरि लिनेछ । उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम असुलउपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । अन्यथा सोही अनुसार भइ जाने व्यहोरा समेत सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल**

| क्र.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम** : कल्पना विष्ट<br>बाबुको नाम : रण बहादुर खड्का<br>पतिको नाम : प्रेम बहादुर विष्ट<br>ना.प्र.प.नं. ३१३०३७/५६२<br>जारी मिति: २०६३/१०/१३<br>ठेगाना: दामन-५, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम** : प्रविण विष्ट<br>बाबुको नाम : प्रेम बहादुर विष्ट<br>बाजेकोको नाम : भिम बहादुर विष्ट<br>ठेगाना: दामन-५, मकवानपुर |  | कल्पना विष्टको नाउँमा मकवानपुर जिल्ला शिखरकोट गाविस वार्ड नं. ५ स्थित कि.नं ५७३ र ५०५ को क्रमश: ०-१२-३-१.५, २-०-३-० र शिखरकोट गाविस वार्ड नं.४ स्थित कि.नं. ४९४ को १-१५-१-० को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| २ | **नाम** : रेलुमाया गोपाली<br>बाबुको नाम : कृष्ण बहादुर गोपाली<br>पतिको नाम : रुपचन्द्र गोपाली<br>ना.प्र.प.नं. ४४/५२७<br>जारी मिति: २०५२/१०/२६<br>ठेगाना: बज्रबाराही ६, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम** : श्रीमती मैजुमाया गोपाली<br>पतिको नाम : ज्ञानुकाजी गोपाली<br>ससुराको नाम : सिद्धनारायण गोपाली<br>ठेगाना: बज्रबाराही-६, मकवानपुर<br>ना.प्र.प.नं. १४७४<br>जारी मिति: २०४५/०१/२७<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम** : हरेराम गोपाली<br>बाबुको नाम : कृष्ण बहादुर गोपाली<br>बाजेकोको नाम : गौरीदास गोपाली<br>ठेगाना: बज्रबाराही-६, मकवानपुर<br>ना.प्र.प.नं. ९३८<br>जारी मिति: २०४४/११/०२<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम** : रुपचन्द्र गोपाली<br>बाबुको नाम : ज्ञानुचन्द्र गोपाली<br>बाजेकोको नाम : सिद्धिनारायण<br>ठेगाना: बज्रबाराही ६, मकवानपुर<br>ना.प्र.प.नं. ४४/४५४<br>जरी मिति: २०५२/१०/२६ | <br><br><br> | रेलुमाया गोपालीको नाउँमा मकवानपुर जिल्ला टिष्टुङ गाविस ३ स्थित कि.नं. २३०८ र २३०६ को क्रमश: ०-०-२-१ र ०-२-२-३ क्षेत्रफलको जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br><br>श्रीमती मैजुमाया गोपालीको नाउँमा मकवानपुर जिल्ला टिष्टुङ गाविस ३ स्थित कि.नं.१९१७, १९२२, २२५५, १७७६ को क्रमश:०-३-३-२, १-१४-०-०, १-२-२-०, ०-४-३-० क्षेत्रफलको जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br><br>हरेराम गोपालीको नाउँमा मकवानपुर जिल्ला टिष्टुङ गाविस १ स्थित कि.नं.९९५को २-६-०-२ क्षेत्रफलको जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ३ | **नाम** : आरती तामाङ<br>बाबुको नाम : कृष्ण बहादुर रुम्बा<br>पतिको नाम : मंगल तामाङ<br>ना.प्र.प.नं. ५६/३६९४७<br>जारी मिति: २०६३/०४/१७<br>ठेगाना: दामन-७, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम** : राम बहादुर तामाङ<br>बाबुको नाम : तुल बहादुर तामाङ<br>बाजेको नाम : बुद्धिमान<br>ना.प्र.प.नं. २१६९<br>जारी मिति: २०४०/१०/२३<br>ठेगाना : शिखरकोट-७, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम** : मंगल तामाङ<br>बाबुको नाम : अम्वर बहादुर तामाङ<br>बाजेको नाम : तुलबहादुर<br>ना.प्र.प.नं. ६४९४<br>जारी मिति: २०६०/०४/२५<br>ठेगाना: शिखरकोट ७, मकवानपुर | <br><br> | रामबहादुर तामाङको नाउँमा मकवानपुर जिल्ला शिखरकोट गाविस ७ स्थित कि.नं.११२, १२५, १२६, ८२, १२७ को क्रमश ०-८-३-३, ०-३-२-१, १७-९-०-२, १-१०-२-१, ०-११-०-१ क्षेत्रफलको जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |



## निमन्त्रणा

मेरो प्रिय श्रीमति/छोरा/बुहारी तथा मेरो ममतामयीआमा/दाजु/ भाउजु स्व. मैयाकुमारी न्यौपाने (पहाडी), स्व. सरोज पहाडी तथा रेणुका पहाडीको यहीमिति २०८२ असार ७गतेको दिन सवारी दूर्घटनामा परी असामयिक निधन भएकोले सागरमा पाल्नुहुने तथा समवेदना प्रकट गर्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्र एवम् शुभचिन्तकहरुलाई १३ औं दिनको पुण्य तिथिमा पितृ प्रसाद ग्रहणको लागि हार्दिक आमन्त्रण गर्दछौं ।

**प्रसाद ग्रहण कार्यक्रम :**
मिति : २०८२ असार १९ गते
समय : दिउँसो १ बजे
स्थान: हेटौंडा -५ सितानगर (मास्टर चोकबाट उत्तर तर्फ सितापधेरा)

**प्रार्थी :**
बुबा - रेवति रमण पहाडी
छोरी - सुनिता पहाडी
सम्पर्क नं. ९८४५४९१५९१
९८६५०१२८७७

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना